# बाँसगढी नगरपालिकाको आ.व. २०८१/०८२
# को बजेट बक्तव्य

## बाँसगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बाँसगढी, बर्दिया

**नगरसभाका सभाध्यक्ष महोदय र सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

- यस गरिमामय नगरसभाको बैठकमा नगर उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।
- यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलन, क्रान्ति, युद्ध र संघर्षमा अग्रणी भूमिका निभाउने अग्रजहरुप्रति सम्मान गर्दै बेपत्ता र तिनका परिवारलाई यस घडीमा स्मरण गर्न चाहन्छु ।
- वि.सं. २०७९ सालमा निर्वाचन भएपश्चात बाँसगढी नगरका सार्वभौम जनताको प्रतिनिधि भई हालसम्म दुई वटा बजेटको कार्यान्वयन गरेका छौं । जसबाट विकासको आधार तयार भई नयाँ उत्साहको सञ्चार भएको छ । मुलुकको अर्थतन्त्रमा देखिएका समस्या र चुनौतीहरुबाट सिर्जित अवरोधलाई सम्बोधन गर्दै गतिशील, दिगो एवम् गुणस्तरीय विकास र समृद्धि निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । नगरबासीको विकास र समृद्धिको चाहनालाई सम्बोधन गरी पछाडी परेका सीमान्तकृत वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।
- बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, बाँसगढी नगरपालिकाको नीति तथा कार्यक्रम र नगरसभा सदस्यहरुबाट प्राप्त सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । विभिन्न राजनीतिक दलहरु, संघ संस्थाहरु, विद्वान, आम नगरबासी, नागरिक समाज, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु । हामी सबैको सहकार्य, सहयोग र ऐक्यबद्धताबाट बाँसगढीको सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको हासिल गर्न सकिने विश्वास लिएको छु ।

सभाध्यक्ष महोदय,

अब म बाँसगढी नगरपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

- आ.व. २०८०/०८१ को लागि संघीय सरकारबाट वित्तीय समानिकरण अनुदानमा ११ करोड १ लाख ९० हजार ४ सय १७ रुपैयाँ, शसर्त अनुदानमा ३१ करोड १५ लाख ९१ हजार  रुपैयाँ, विशेष अनुदानमा १ करोड २० लाख रुपैयाँ, समपुरक अनुदानमा ५० लाख

रुपैया, राजस्व बाँडफाँडमा (बन रोयल्टी समेत) १० करोड २९ लाख ८१ हजार ४ सय ८४ रुपैयाँ र त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानमा ८४ लाख २८ हजार ५ सय रुपैयाँ, शसर्त अनुदानमा ७२ लाख २४ हजार ३ सय ६३ रुपैयाँ, समपुरक अनुदानमा ७५ लाख रुपैयाँ, राजस्व बाँडफाँडबाट ३ करोड ५८ लाख १८ हजार ४ सय ६५ रुपैयाँ, गत आर्थिक वर्षको अ. ल्या. २२ करोड ५५ लाख ६० हजार ८ सय ९३ रुपैया र आन्तरिक श्रोतबाट २ करोड २७ लाख १८ हजार ८ सय २८ रुपैयाँ गरि मिति २०८१ असार ९ गते सम्म कुल ८४ करोड ९० लाख १३ हजार ९ सय ५२ रुपैयाँ आम्दानी भएको छ भने २०८१ असार ९ गते सम्म चालूतर्फ ३६ करोड ७४ लाख ९८ हजार १ सय ७१ रुपैयाँ र पूँजीगततर्फ १२ करोड २ लाख ५३ हजार ४४ रुपैयाँ गरि जम्मा ४८ करोड ७७ लाख ५१ हजार २ सय १५ रुपैयाँ खर्च भएको छ ।

- आगामी आ.व. २०८१/८२ को लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानको रुपमा १५ करोड २२ लाख, सशर्त अनुदानको रुपमा ३२ करोड ९१ लाख, राजश्व वाँडफाँडबाट १४ करोड ९ लाख ३४ हजार ६ सय ७ रुपैयाँ, वन रोयल्टीबाट २१ लाख ६५ हजार ३ सय ९३ बजेट सिलिङ्ग प्राप्त भएको छ र त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान १ करोड ७ लाख ५० हजार रुपैयाँ, राजश्व वाँडफाँडबाट १ करोड ५८ लाख ५६ हजार रुपैयाँ र प्रदेश सरकारको सशर्त अनुदान मार्फत १ करोड ११ लाख ५० हजार र प्रदेश सरकार समपुरक अनुदान मार्फत १ करोड ५ लाख बजेट सिलिङ्ग प्राप्त भएको छ । नगरपालिकाको आन्तरिक श्रोतबाट हुने आय ४ करोड, घरजग्गा रजिष्ट्रेशन (स्थानीय राजश्व बाँडफाड) बाट १ करोड ६० लाख, नदीजन्य पदार्थ बिक्रिबाट ३५ लाख र अ.ल्या. रकमबाट ३० करोड १७ लाख ७८ हजार गरी जम्मा १ अर्ब ४ करोड ९४ लाख ३४ हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ भने आगामी आ.व. २०८१/८२ मा चालु खर्च तर्फ ४८ करोड ५९ लाख ३४ हजार रुपैयाँ (४६ प्रतिशत) र पूँजीगत तर्फ ५६ करोड ३५ लाख रुपैयाँ (५४ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

- उपलब्ध अवसरलाई मनन् गर्दै स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने एवम् भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी समृद्धि हासिल गर्न आधार तयार गर्ने तर्फ यो बर्षको बजेटमा जोड दिएको छु । विकासको समन्यायिक वितरण गरी

समानुपातिक विकास गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्धेश्य तथा प्राथमिकता तय गरेको छु ।

**आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :**

क) कृषियोग्य भूमिको उर्वरशक्ति पुनर्स्थापना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
ख) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरी सक्षम विद्यार्थी तयार गर्ने,
ग) खेलकुद, पर्यटन र संस्कृतिको माध्यमबाट बाँसगढीको चिनारी विकास गर्ने,
घ) उद्यमशील, स्वरोजगार र स्वावलम्बी नागरिक बनाउने,
ङ) गुणस्तरीय भौतिक पूर्वाधार र सडक सञ्जालको विकास गर्ने,
च) सुशासन र सूचनामैत्री एवम् प्रभावकारी सार्वजनिक सेवा प्रवाहको अनुभूति दिलाउने ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) कृषि विकास**

१. **"फोहोरमैला र झारपातको प्रयोग, जैविक मलमा सदुपयोग"** को नीति अनुसार फोहोरको सदुपयोग गर्दै नगर क्षेत्र सफा, सुन्दर र हरियाली बनाउन एवम् जैविक मलको उत्पादन गर्न नगरपालिकामै जैविक मल कारखाना निर्माण गर्ने व्यवस्था गरेको छु । स्थानीय स्रोतसाधनको उपयोग गरि जैबिक र प्राङगारिक मलको उत्पादन गर्ने, जैविक कृषिको प्रवर्द्धन र विकास गर्ने र कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरि रोजगार सिर्जना गर्ने उद्देयका साथ मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत जैविक मल कारखाना स्थापना हुने गरि जैविक कृषि प्रवर्द्धन परियोजना संचालनको लागि ३ करोड रकम बिनियोजना गरेको छु ।
२. नगरबासीहरुको बाली सुरक्षणमा नगर सरकार प्रष्ट र प्रतिबद्ध रहेको छ । त्यसै अनुरुप बाली बीमामा शत प्रतिशत अनुदानको व्यवस्था मिलाएको छु भने एक वडा एक पकेट विकास कार्यक्रमलाई निरन्तरता दिन ११ लाख रुपैयाँ विनियोजन गरेको छु ।
३. विपन्न कृषक, न्यून वर्गिय मुक्त कमैया, मुक्त कमलरी, विपन्न दलित, द्वन्द्वपिडित तथा पिछडीएका व्यक्तिहरु तथा अधिया बटैया गर्ने किसानहरुलाई विभिन्न बाली र च्याउका

बीउहरुमा ५० प्रतिशत सम्म अनुदान सहयोग गर्न ७ लाख रुपैयाँ विनियोजन गरेको छु ।

४. कृषकले कृषि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन साथै माटोको गुणस्तरमा सुधारका लागि नगरपालिकामै माटो परिक्षण मिनि ल्यावद्धारा नगरपालिका भित्रका कृषकहरुको निःशुल्क माटो परिक्षण गर्ने व्यवस्था मिलाएको छु भने माटोको गुणात्मक सुधारका लागि जैविक मलको महत्वबारे प्रचार प्रसार एवम् तालिम र कृषि चुन तथा ढैचालाई ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउने गरी बजेट विनियोजन गरेको छु ।

५. विभिन्न बालीको उपचार शिविर संचालन तथा आकस्मिक बाली संरक्षण सेवा र विभिन्न कृषि तालिमहरु आवश्यकता अनुसार संचालन गर्ने व्यवस्था मिलाएको छु । व्यवसायिक रुपमा खेती गर्ने उत्कृष्ट कृषक तथा कृषक समूहहरुलाई सम्मान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६. नगरपालिका भित्रका मल, विषादीको कारोबार गर्ने एग्रोभेट, एग्रो सेन्टर, कृषि फर्म, भेट सेन्टरहरुलाई सूचिकृत गरी मापदण्ड पुस्तिका समेत बनाई सूचकका आधारमा अनुगमन तथा मूल्यांकन गरी पुरस्कृत र दण्ड जरिवाना गर्ने व्यवस्था मिलाएको छु ।

७. कृषि हाटबजारलाई कृषि क्रान्तिको माध्यमका रुपमा उपयोग गर्ने नीति बमोजिम कृषिजन्य उत्पादनको बजारीकरणको लागि स्थानीय कृषि हाटबजार सञ्चालनलाई विभिन्न प्रोत्साहन कार्यक्रमका माध्यमबाट दिगो बनाइनेछ भने **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने नीति अनुसार उत्पादन गरेको कृषिजन्य वस्तुहरुमा आलु र प्याजको शितभण्डारणमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन ८ लाख रुपैया विनियोजन गरेको छु । यसैगरी, स्थानीय उत्पादनलाई ठूला बजारसम्म पुर्याउन चिस्यान सुविधासहितको सवारीसाधन खरिद गर्न ३० लाख रुपैयाँ विनियोजन गरेको छु ।

८. **"बाँझो छोडी गाँउको खेतबारी ,नजाउ विदेश खोज्न रोजगारी"** भन्ने नगरपालिकोको कृषि नीति बमोजिम बाँझो जग्गालाई खेतीकार्यमा प्रयोग गरी आयआर्जन गर्ने विभिन्न उपायहरुको बारेमा नगरबासीहरुलाई विषय विज्ञहरुबाट अभिमूखिकरण तथा तालिमको व्यवस्था मिलाएको छु भने खेतीयोग्य जग्गालाई बाँझो राख्नेको लगत संकलन गर्ने कार्य गर्ने गरी बजेट सुनिश्चितता गरेको छु । खेतीयोग्य जग्गा बाझो रहन नदिन ५० प्रतिशत लागत साझेदारीमा सिचाइ उपकरण वितरणका लागि ३३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

(ख) पशुपंक्षी स्वास्थ्य तथा पशुपंक्षी विकास

९. नगरबासीहरुको पशुपन्छी धनको सुरक्षणका लागि निशुल्क पशुपंक्षी बीमालाई सशक्त रुपमा अगाडी बढाउने नीति अनुसार पशुपन्छी बीमा कार्यक्रममा ४० लाख रुपैयाँ विनियोजन गरेको छु ।

१०. बाँसगढी नगरपालिकाका सम्पुर्ण घरपालुवा पशुपंक्षीमा खोपको सुनिस्चितता, विरामि पशुको समयमै उपचार गरि कृषकको आर्थिक क्षतिलाई न्युनिकरण गरि पशु उत्पादन घट्न नदिने व्यवस्था मिलाइनेछ ।

११. नगरभित्रका पशुपंछीपालक कृषकहरुलाई हिउँदे/बर्षे घाँस, भैसीका पाडी, बाख्रा तथा बंगुरका पाठा-पाठी लागत साझेदारीमा वितरण गरी आयआर्जन वृद्धि गर्न २१ लाख बजेट विनियोजन गरेको छु ।

१२. सुत्केरी गाई/भैसीलाई पोषण भत्ता उपलब्ध गराउन १७ लाख रुपैयाँ विनियोजन गरेको छु ।

१३. परम्परागत पशु पालन पद्धतिबाट आधुनिक र व्यवसायिक पद्धतिमा रुपान्तरण गर्न यान्त्रिकिकरणमा जोड दिने नीति बमोजिम विद्युतीय चारा मेशिन लागत साझेदारीमा अनुदान उपलब्ध गराउन ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

१४. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा गाई भैसी जोन र बाख्रा स्रोत केन्द्रको विकास गर्ने व्यवस्था मिलाएको छु । स्थानीय कुकुरको बन्ध्याकरण र खोपका लागि बजेट सुनिश्चित गरेको छु ।

१५. दर्ता भई संचालन भएका पशु व्यवसायिक फर्महरुका निम्ति विद्युत महसुलमा सहुलियत प्रदान गरी पशु व्यवसायलाई दीगो र प्रतिफलयुक्त बनाउने योजनाका लागि रकम विनियोजन गरेको छु ।

१६. पशु सेवा शाखा र पशु सेवा केन्द्रहरुको क्षमता विस्तार तथा स्रोतसाधन सम्पन्न बनाउदै नगरबासी पशु पालकहरुले प्राप्त गर्ने सेवाको गुणस्तरमा वृद्ध गर्न माइक्रोस्कोप बाईनाकुलर, बर्डजो क्यास्टेटरलगायतका सामाग्री खरिद गर्न र आवश्यकता अनुसार ट्रेविज निर्माण गर्न ४ लाख रुपैयाँ छुटयाएको छु । यसरी पशुपन्छी स्वास्थ्य तथा विकास तर्फ एक करोड विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

## (ग) शिक्षा तथा शैक्षिक पूर्वाधार विकास

१७. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई आवश्यक एस आइ पि तालिम, विषयगत शिक्षक भेला तथा अन्तर्क्रिया, विषयगत तालिम, आइ ई एम आइ एस तालिम, सूचना प्रविधि तालिम लगायतका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. हरेक विद्यालयलाई क्रमश सूचना प्रविधिमैत्री बनाउँदै लैजान "**एक विद्यालय एक ल्यापटप कार्यक्रम**", "**आधारभूत विद्यालयलाई प्रोजेक्टर अनुदान कार्यक्रम**" लगायतका कार्यक्रम संचालन गर्न आवश्यक बजेट छुटयाएको छु ।

१९. शिक्षासँगै सीप भन्ने दीर्घकालीन नीति अनुसार "**पढ्दै कमाउँदै कार्यक्रम**", "**विद्यालयमा सीपमूलक जीवनोपयोगी शिक्षा कार्यक्रम**" जस्ता कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गरेको छु ।

२०. अभिभावक, विद्यार्थी र शिक्षकको त्रिकोणात्मक सम्बन्धलाई बलियो र प्रतिफलमुखी बनाउन "**अभिभावक शिक्षा कार्यक्रम**" संचालनका लागि विद्यालयलाई बजेट उपलब्ध गराउने व्यवस्था गरेको छु । यसैगरी आवाशीय विद्यालय संचालनका लागि सहयोग गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२१. विद्यालयलाई शान्त, हरियाली र फुलबारीमय बनाई शिक्षा र सिकाईको केन्द्रका रुपमा विकास गर्न "**हरित विद्यालय कार्यक्रम**" संचालन गर्न बजेट विनियोजन गरेको छु । यसै गरी "**एक वडा एक बालमैत्री विद्यालय कार्यक्रम**" साझेदारी मोडेलमा संचालन गर्न बजेट व्यवस्था गरेको छु ।

२२. विद्यालय सरसफाई र विद्यालयमा शौचालयको अनिवार्यतालाई मूल केन्द्रमा राखी आगामी वर्ष शौचालयको आवश्यकता भएका सबै विद्यालयहरुमा शौचालय निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यसका साथै वडा नं. ८ दङ्गाली टोलमा बालविकास केन्द्रको पूर्वाधार निर्माणका लागि १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

२३. सामुदायिक पुस्तकालयलाई हरेक उमेर समूहको सिकाइकेन्द्रका रुपमा क्रमिक विकास गर्दै लगिनेछ । यस वर्ष विपन्न युवा युवतीहरुले बाँसगढी तथा त्रिभुवन सामुदायिक पुस्तकालयबाट आधारभूत कम्प्युटर सीप हासिल गर्ने गरी क्षमता विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

२४. बर्दिया बहुमुखी क्याम्पसमा बर्षाको पानीले जलमग्न भई विद्यार्थीहरुको आवतजावत समेतमा पर्ने असरलाई मध्यनजर गरी माटोपटान र पानी निकास कार्य संचालन गर्न ८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु । साथै बाँसगढी बहुमुखी क्याम्पस संचालन तथा व्यवस्थापनका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु

**(घ) युवा तथा खेलकुद विकास**

२५. विद्यार्थी क्लब, युवा क्लब, नेतृत्व विकास तथा सचेतना कार्यक्रम, युवा तथा शैक्षिक सरोकारवालाको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरी युवा सोच, शिक्षा र सिकाइको प्रबर्द्धन गर्न बजेट विनियोजन गरेको छु ।

२६. बाँसगढी नगरक्षेत्रलाई खेलकुदको माध्यमबाट परिचित गराउन स्थापित नगर खेलकुद विकास समितिलाई स्रोतसाधन सम्पन्न बनाउन २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२७. क्रिकेट खेललाई बाँसगढी नगरपालिकामा विकास र प्रबर्द्धन गर्न **बाँसगढी प्रिमियर लिग** सञ्चालन गर्न आवश्यक रकम छुट्याएको छु भने बर्दिया जिल्लाभित्रका स्थानीय तहहरुबीच संचालन गर्ने गरी **अन्तर नगर खेलकुद प्रतियोगिता**मा आवश्यक बजेट विनियोजन गरेको छु ।

२८. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मेयर कप लगायतका विभिन्न खेलकुद गतिविधिहरुलाई कार्यान्वन गरी नगरको गरिमा बढाउने कार्यका लागि रकम छुट्याएको छु ।

यसरी समग्रमा आधुनिक र नविनतम प्रविधिको प्रयोग गरी शैक्षिक कार्यक्रमहरुको सञ्चालनमार्फत सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई उच्च गुणस्तरीय, प्रभावकारी र प्रयोगात्मक बनाउन शैक्षिक विकास कार्यक्रम र युवा तथा खेलकुद विकासका लागि रु. ४ करोड रुपैयाँ विनियोजन गरेको छु ।

**(ङ) स्वास्थ्य, सरसफाई र खानेपानी**

२९. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र निशुल्क बनाउँदै नगर अस्पतालको सुविधा सम्पन्न नयाँ भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०. गर्भवती महिला र सुत्केरी महिलाको कार्ययोजना बनाई घरमै गई स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाएको छु भने सूचकका आधारमा गर्भवती र सुत्केरी महिलाको जोखिम एवम्

संवेदनशीलता वर्गीकरण गरी नियमित स्वास्थ्य जाँच गर्ने र आयरन चक्की, फोलिक एसिड, विभिन्न खोपहरु प्रदान गर्ने व्यवस्था गरेको छु । यसैगरी, सुत्केरी महिला र नवजात शिशुको खाद्य र पोषणलाई ध्यानमा राखी नगर उपप्रमुख कोशेली कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३१. पूर्ण स्वस्थकर बाँसगढी नगरपालिका घोषणा गर्ने नीति अनुसार क्रमश सूचकका आधारमा सरसफाई, खानेपानी र स्वास्थ्य जाँचलाई व्यवस्थापन गरेको छु ।

३२. विशेष गरी थारु समुदायमा देखिएको सिकलसेल एनिमिया रोगको निदान र व्यवस्थापन सम्बन्धमा जनचेतनामूलक कार्यक्रमहरुका साथै परीक्षणको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. मनोसामाजिक परामर्श कार्यक्रमलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु भने यसका लागि आवश्यक औषधि खरिद गर्न बजेट विनियोजन गरेको छु ।

३४. ग्रामीण स्वास्थ्यको क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्वपूर्ण भूमिकालाई सम्मान गर्दै सामाजिक सुरक्षामा आबद्ध गर्न करिब २८ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ भने सेवा निवृत्त महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नगदसहित सम्मान गर्न आवश्यक बजेट छुट्याएको छु ।

३५. नगरबासीको खानेपानीको स्तर जाँचलाई प्राथमिकता दिई खानेपानी जाँच मेसिन खरिद गर्न ४ लाख १० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३६. स्वास्थ्य संस्थाहरुको क्षमता विस्तार र स्तरोन्नति सँगै ल्याब सुविधाहरुमा बृद्धि गर्ने व्यवस्था मिलाएको छु । मेडिकल डाक्टरको चिकित्सकीय सेवालाई हरेक स्वास्थ्य संस्थामा विस्तार गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरेको छु । सामुदायिक विद्यालयहरुमा स्वास्थ्य सेवा प्रवाहका लागि सम्बन्धित स्वास्थ्य संस्थाले विद्यालय, वडा कार्यालय र स्वास्थ्य शाखासँग समन्वय गरी कार्यतालिका बनाई स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छु ।

३७. स्वास्थ्यकर्मीहरुको सीप र क्षमताको अभिवृद्धि गर्न विभिन्न तालिमको आयोजना गर्नुका साथै सेवा सुविधामा समेत आवश्यकताका आधारमा थप गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

**(च) महिला, बालबालिका तथा समाजकल्याण**

३८. महिलाहरुको आवश्यकता र रुचिको आधारमा आधारभूत सीप विकास गरी उद्यमशील बनाउँदै जाने नीति अनुसार आधारभूत सीप विकास तालिम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

३९. नगरबासीहरुले आफ्नो छोरी जन्मने वित्तिकै छोरीको बैंक खाता खोली रकम जम्मा गरिदिने नगरको सामाजिक सुरक्षाको विशेष कार्यक्रम एक छोरी एक बैंक खाता कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. ज्येष्ठ नागरिकहरुको अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्दै ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनलाई सहज र सौहार्द बनाउन बाँसगढी नगरपालिका दृढ छ । ज्येष्ठ नागरिकहरुको सम्मान तथा ज्येष्ठ नागरिक मिलन केन्द्रहरुको व्यवस्थापनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

४१. विपन्न समुदाय, दलित, मुक्त कमैया/मुक्त कमलरी, द्वन्द्वपीडित लगायतका व्यक्तिहरुलाई वर्तमान आवश्यकताका रुपमा रहेको इलेक्ट्रिसियन तालिम दिई आत्मनिर्भर, उद्यम र व्यवसायी बनाउन बजेट विनियोजन गरेको छु ।

४२. अपाङ्गता भएका व्यक्तिहरुका लागि निशुल्क सहायक सामाग्री वितरण गर्ने व्यवस्था मिलाएको छु भने अपाङ्गता परिचयपत्र वितरणकार्यलाई थप व्यवस्थित गर्ने सुनिश्चितता मिलाएको छु ।

४३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको व्यक्तित्व र सीप विकासलाई आवश्यकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाएको छु भने बालबालिकाहरुलाई बालक्लब तथा बालसंजालमा आबद्ध भई सामाजिक कार्यमा सहभागी हुन प्रोत्साहीत गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु । यसरी समग्र महिला, बालबालिका तथा समाजकल्याणको क्षेत्रमा ४० लाख रुपैयाँ विनियोजन गरेको छु ।

**(छ) रोजगारी, स्वरोजगारी, उद्यमशीलता र बैदेशिक रोजगारी**

४४. श्रममा आधारित रोजगारी प्रदान गरी बेरोजगार व्यक्तिहरुको दैनिकीमा महत्वपूर्ण र सहयोगी कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि नेपाल सरकारबाट सशर्त अनुदान स्वरुप प्राप्त सम्पूर्ण रकम रोजगारी सिर्जनामा प्रयोग गर्ने व्यवस्था मिलाएको छु ।

४५. बेरोजगार व्यक्तिहरुलाई सूचीकरण गरी युवा रुपान्तरण पहल योजनामार्फत सीप विकास गर्ने व्यवस्था मिलाएको छु भने अधिकतम् रोजगारी प्रदान गर्ने सुनिश्चितता मिलाएको छु ।

४६. बैदेशिक रोजगारीमा गएका नगरबासीहरुको वास्तविक तथ्याङ्क तयार गरी लगत लिने व्यवस्था मिलाएको छु भने वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवारलाई उद्यम, व्यवसाय र व्यापारमा परिचालन गर्नका लागि सीप विकासमा सहभागी गराउने गरी व्यवस्थापन गरेको छु ।

४७. नेपाल सरकारबाट सशर्त अनुदानका रुपमा प्राप्त गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विपन्न र सिमान्तकृत समुदायको सीप विकास, स्वरोजगार र उद्यमशीलता प्रबर्धन र व्यवसायिक क्षमता विकासमा सदुपयोग गर्दै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु

**(ज) योग, कला, संस्कृति र पर्यटन विकास**

४८. नगरको पर्यटनको प्रचुर सम्भावना भएका क्षेत्रहरुको खोजी, संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र प्रचार प्रसारका लागि पर्यटन गुरुयोजना निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

४९. योगको माध्यमबाट स्वस्थ जीवनयापनमा सहयोग पुग्ने वैज्ञानिक सत्यतालाई आत्मसात गर्दै योगको प्रचार प्रसार र अनुशरण गर्न पहल गरिनेछ । ॐ केदारेश्वर धाममा स्थापित योग ध्यान केन्द्रको पुर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु ।

५०. बाँसगढी नगरका विभिन्न गाउँ र बस्तीहरुमा रहेका सांस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका मठ, मन्दिर, चर्च र गुम्बाहरुको संरक्षण, विकास र प्रचारप्रसार गर्ने व्यवस्था मिलाएको छु । बड्की भवानी मन्दिर, लक्ष्मणपुर शिव मन्दिर निर्माण, शिव मन्दिर भैसासुर निर्माण, ॐ शान्ति भवनको रंगरोगन र पूर्ण विद्युतीकरण, माछागढ दुर्गा मन्दिर व्यवस्थापन लगायतका विभिन्न योजनाहरुका बजेटको व्यवस्थापन गरेको छु ।

५१. नगरका विभिन्न स्थानहरुमा रहेका सिमसार क्षेत्र, ताल तलैया र नदी क्षेत्रलाई पर्यटकीय सम्भावनाका क्षेत्रहरुमा विकास गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु भने कृषि क्षेत्रमा उत्कृष्ठ क्षेत्रहरुमा समेत पर्यटनको सम्भावनालाई समेट्न अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

५२. बाँसगढी नगरबासी दलित समुदायको बैठक भेला तथा अन्तर्क्रिया गर्ने स्थलका रुपमा रहदै आएको दलित सेवा संघको भवनमा ट्रष्ट निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**(झ) भौतिक पूर्वाधार, सडक तथा बस्ती विकास**

५३. संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्था र समुदायसँगको लागत साझेदारीमा योजना कार्यान्वयन गर्नको लागि समपूरक कोषमा २ करोड बजेट विनियोजन गरेको छु ।

५४. **एक वडाः एक गौरवको आयोजना** कार्यक्रम अन्तर्गत संचालन भएका क्रमागत आयोजनाहरु सम्पन्न गर्नका लागि ३३ करोड २० लाख ३१ हजार रकम विनियोजन गरेको छु । प्रत्येक वडामा कम्तिमा एक ठूला आयोजना कार्यान्वयन गरी भौतिक पूर्वाधार विकासलाई तीव्रता दिने गरि आवश्यक बजेटको विनियोजन गरेको छु ।यसबाट नगरको **पूर्वाधारको आधार:विकासका लागि सडक विस्तार** भन्ने नीतिले सार्थकता पाउने आशा लिएको छु।

५५. नगर गौरव आयोजनाको रुपमा रहेको पूर्व-पश्चित राजमार्गको उत्तर तर्फ सिंचाई सुविधा नभएका क्षेत्रमा वृहत विद्युतिकरण सहितको भूमिगत सिंचाई आयोजनाको निरन्तरताको लागि रु. ५० लाख रकम विनियोजन गरेको छु ।

५६. नगरका ठूला योजनाहरुमा आगामी आर्थिक वर्षमा सुरु भै वहुवर्षिय आयोजनाका रुपमा सम्पन्न गर्नेगरी वडा नं. १ मा चेपाङ भङ्गाह सडक स्तरोन्नति तथा कालोपत्रेका लागि ४० लाख, वडा नं. २ मा शान्तिपुर-बनमुडुवा-पिपलचौतारा-हजारीबगिया हुदैं अर्सिहवासम्मको बन क्षेत्रमा तारजाली निर्माण का लागि ४० लाख, वडा नं. ३ मा ३ नं. वडा कार्यालय भवन निर्माणका लागि ४० लाख र नवप्रभात स्कूल देखि सल्यानी टोल अक्षेरिया नालासम्मको सडक कालोपत्रेको लागि २५ लाख, वडा नं. ४ मा उत्तरभकारी - गौशाला जोड्ने सडक कालोपत्रेको लागि ५० लाख र मटेरिया देखि पिपलटाडी हुँदै रियारपुर सडक कालोपत्रेको लागि ३० लाख, वडा नं. ५ मा जुम्लीटोल देखि हाउँपुर स्कुल हुँदै बीच गाउँ मन्दिर सम्म सडकको लागि ३० लाख र बाँसगढी खानेपानी चोक देखि लुहारी थारुको घरसम्म सम्म सडक कालोपत्रेको लागि २५ लाख, वडा नं. ६ मा

१० नं शिवमन्दिरदेखि सोल्टीटोल हुदैं रिहार टोलसम्म बाटो कालोपत्रेको लागि २५ लाख, वडा नं. ७ मा वडा नं. ७ स्वास्थ्य चौकी - भृकुटी मा.वि. - शिव मन्दिर चोक हुँदै दमौलीजाने सडक निर्माणको लागि ३० लाख र वडा नं. ९ मा दुर्गाफाटा देखि बसन्तटोल हुँदै पेट्रोलपम्प सम्म तारजाली निर्माणका लागि १२ लाख रुपैयाँ विनियोजन गरेको छु

५७. ग्रामीण बाटोमा अति आवश्यक देखिएका ठाउँमा ह्यूमपाइप राख्नका लागि ह्यूमपाइप खरिद र आवश्यकतानुसार ग्राभेल गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

### (ञ) वन, वातावरण तथा विपद व्यवस्थापन

५८. सामुदायिक वनको खाली जग्गामा उत्पादनमूलक बस्तुहरुको खेती कार्य प्रबर्धन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु जसमा फलफूल, अम्रिसो, बाँस लगायतका विरुवा खरिद तथा रोपणकार्य संचालन गरिनेछ ।

५९. विभिन्न संघ संस्थाहरुको साझेदारीमा विपद व्यवस्थापन पोर्टल निर्माण गरी संचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

६०. नगरपालिकाको वातावरणसम्बन्धी नीतिगत प्रावधानहरुमा विपद् व्यवस्थापन योजना, वातावरण संरक्षण ऐन, वातावरणमैत्री स्थानीय नीति, फोहोरमैला व्यवस्थापन नीति, जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६१. "हरियाली शहर कार्यक्रम"जस्ता कार्यक्रमहरु संचालन गरी राजमार्ग र अन्य सडकको डिभाइडर तथा दुवै तर्फ हरियाली प्रवर्धन गरिनेछ । "एक घर दुई विरुवा" को नीतिगत सोचलाई कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. उद्धार, राहत, पुनर्स्थापना र सामाजिकीकरणका लागि प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्थापन गरेको छु । यसरी समग्रमा वन वातावरण तथा विपद व्यवस्थापनतर्फ २३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

### (ट) भूमि व्यवस्थापन

६३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सबै नगरबासीको पहिचान गरिसकिएको छ । सबैलाई प्रमाण स्वरुप निस्सा वितरण गर्नुका साथै सबै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले जोत भोग गरिरहेको जग्गा नापजाँच गरी एकिन गर्न आवश्यक ४० लाख रुपैयाँ विनियोजन गरेको छु ।

६४. भूमिहीन तथा अव्यवस्थित बसोबासी नागरिकहरुको हक अधिकारका निम्ति नगरपालिका प्रतिबद्ध रहेको छ । भूमिहीनहरुलाई उपलब्ध गराउने जग्गाको छनौट गर्न र अव्यवस्थित नगरबासीलाई उपलब्ध गराउने जग्गाको उपयुक्तताको परीक्षण गर्न नगरस्तरीय तथा वडास्तरीय सहजिकरण समितिको परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

६५. सार्वजनिक जग्गाको खोजी गरी संरक्षण गर्ने आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

**(ठ) राजस्व तथा वित्त व्यवस्था**

६६. उद्योग व्यवसायहरुलाई नियमनको क्षेत्रभित्र समेट्न नगर क्षेत्रभित्र स्थापित सम्पूर्ण व्यवसायहरुको तथ्याङ्क संकलन गरी निरन्तर अनुगमन निरीक्षण गर्ने प्रणाली विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६७. उद्योग बाणिज्य संघ, प्रहरी र प्रशासनसँगको समन्वयमा गैरकानूनी तथा अवैध व्यवसायहरुलाई नियन्त्रण गरिनेछ । व्यवसायको दर्ता तथा नवीकरणकार्यलाई शिविरमार्फत नै संचालन गरी करदाता शिक्षा तथा सचेतना कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

६८. अव्यवस्थित विज्ञापन तथा होडिङ बोर्डलाई करको दायरामा ल्याउने र व्यवस्थित सफा सहर बनाउने कार्यको व्यवस्थापन मिलाएको छु ।

**(ड) यातायात व्यवस्था र नगर सुरक्षा**

६९. सुरक्षाकर्मीहरुको समन्वय र सहकार्यमा प्रहरी गस्तीलाई बढाउन एवम् नगरको सुरक्षालाई प्रभावकारी बनाउन प्रहरीलाई आवश्यक थप सवारी इन्धन र सवारी मर्मत खर्चको लागि बजेट विनियोजन गरेको छु ।

७०. ट्राफिक सचेतनाका लागि ट्राफिक प्रहरीसँगको सहकार्यलाई व्यवस्थापन गरेको छु भने सडक सुरक्षाका लागि सडक चोकहरुमा आवश्यक सि सि क्यामरा जडान गर्न १५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७१. सडक सुरक्षामा ध्यान दिदैं जडित सोलार वत्तिहरुको मर्मत र क्रमश थप सोलार वत्तिहरु जडान गर्दै उज्यालो सडक बनाउन बजेट व्यवस्था गरेको छु ।

७२. यातायात गुरुयोजना निर्माण गरी सडकको विकासमा दुरदृष्टि कायम गर्ने व्यवस्था मिलाएको छु भने अटो रिक्सा र इ-रिक्सा दर्ता नियमनलाई प्राथमिकता दिएको छु ।

**(ढ) सुशासन तथा संस्थागत क्षमता विकास**

७३. क्षमता विकास योजना निर्माण गरी कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका विभिन्न तालिम, गोष्ठी तथा अभिमूखिकरण कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७४. नगर प्रोफाईलको अद्यावधिक, आन्तरिक नियन्त्रण प्रणालीको निर्माण तथा अद्यावधिक, सेवा प्रवाह मापदण्ड निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण समेतका लागि आवश्यक बजेट विनियोजन गरेको छु । आवधिक योजनाको निर्माण गरी मध्यमकालीन खर्च संरचना बनाई दिगो विकास सन्तुलित विकासको सोचलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

७५. सार्वजनिक सेवा प्रवाहको अवस्थालाई पारदर्शी, नागरिकमैत्री, दिगो र मितव्ययी तथा गुनासो रहित बनाउने उद्देश्य अनुरुप नगरपालिकाबाट प्रवाह हुने सेवाहरुको बारेमा चौमासिक रुपमा नियमित सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७६. अतिरिक्त समय काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राखी थप उत्प्रेरणा जागृत गराई प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि अतिरिक्त समय काम गरेबापत खाजा भत्ताका रुपमा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु भने अनुशासन, समयपालना, हाजिरी र कार्यसम्पादन उपलब्धिलाई कार्यसम्पादन मूल्यांकनसँग जोड्ने व्यवस्था समेत गरेको छु ।

७७. बाँसगढी नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा कार्यसंचालन निर्देशिका बमोजिम तलब सुविधासँगै इन्धन भत्ता प्रदान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय** ,

- बजेटको उद्देश्य तथा प्राथमिकताहरु, क्षेत्रगत बिकासका योजना तथा कार्यक्रमहरु र श्रोतको प्रबन्धका बारेमा मैले यस नगरसभामा प्रस्तुत गरिसकेको छु ।
- बासगढी नगरपालिकाको "**सुन्दर, हरियाली र सफा सहर, समृद्ध र समुन्नत बाँसगढी नगर**" को दिर्घकालिन सोचलाई साकार पार्न प्रस्तावित बजेट तथा कार्यक्रमले महत्वपूर्ण योगदान

पुर्याउने मेरो विश्वास छ । नगरबासी सम्पूर्ण नागरिकहरुको सक्रिय सहभागिताबाट नगरबाट प्रवाह हुने सार्वजनिक सेवा र विकास निर्माण थप गुणस्तरिय र प्रभावकारी हुने अपेक्षा गरेको छु । प्रस्तुत बजेट तथा कार्यक्रमको सफलताका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, सञ्चार जगत, सामुदायिक तथा निजी क्षेत्र, कर्मचारीहरु लगायत सबैको महत्वपूर्ण भूमिका आवश्यक हुन्छ ।

- आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई धन्यवाद व्यक्त गर्दछु । यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ सहयोग र सल्लाह दिनुहुने राजनीतिक दलहरु, कर्मचारीहरु तथा आम नगरबासी आमा बुवा दिदी बहिनी दाजु भाइहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

...........................

प्रस्तुतकर्ता

श्री ईन्दिरा चौधरी

उप-प्रमुख, बाँसगढी नगरपालिका

मिति २०८१ असार १० गते